सम्पूर्ण निजामती कर्मचारी एकजुट होऔं!

"संघीयतामा सुशासन, सामाजिक सुरक्षा र श्रमको सम्मान, राजनीतिक अधिकार सहितको ट्रेड युनियन, हाम्रो अभियान"

# नेपाल निजामती कर्मचारी संगठन

**केन्द्रीय कार्य समिति, बबरमहल, काठमाडौं- २०४७**

## संगठनको दोस्रो केन्द्रीय बैठकमा
## महासचिव रामचन्द्र अधिकारीद्धारा
## प्रस्तुत

# साँगठनिक प्रतिवेदन

## २०८२ जेष्ठ १६-१८

## नयाँ वानेश्वर, काठमाडौं

नेपाल निजामती कर्मचारी संगठन केन्द्रीय कार्य समितिद्धारा प्रकाशन हुने

**“संगठन सम्पर्क डायरी २०82”**

| हालसालै खिचेको फोटो |
|---|

**नाम, थरः-**

**सांगठानिक पदः-**

**जन्म मितिः-**

**कर्मचारी संकेत नम्बरः-**

**नागरिकता नम्बर र जारी जिल्ला-**

**स्थायी ठेगानाः-**

**हालको ठेगानाः-**

**कार्यालयको नामः-**

**कार्यालयको पदः-**

**पछिल्लो तीन जिम्मेवारीः- (क)......................**

**(ख) .................**

**(ग)...............**

**ब्लड ग्रुपः-**
**फोन नम्बरः-**
**ईमेल ठेगानाः-**

**नोटः यो फरमेट भरी संगठनमा फिर्ता गरिदिन हुन अनुरोध छ ।**

नेपाल निजामती कर्मचारी संगठन, केन्द्रीय कार्य समितिको
दोश्रो बैठक (16 देखि 1८ जेष्ठ २०82, नयाँबानेश्वर काठमाण्डौँमा) मा
महासचिव रामचन्द्र अधिकारीद्वारा प्रस्तुत
सांगठनिक प्रतिवेदन

**आदरणीय अध्यक्षज्यू, प्रमुख अतिथि, विशेष अतिथि तथा अतिथिज्यूहरु,**
**केन्द्रीय पदाधिकारी एवं सदस्य मित्रहरु र सल्लाहकारज्यूहरु हार्दिक अभिवादन गर्दै केन्द्रीय कार्य समितिको दोश्रो वैठकमा हार्दिक स्वागत गर्दछु ।**

**"संघीयतामा सुशासन, सामाजिक सुरक्षा र श्रमको सम्मान, राजनीतिक अधिकार सहितको ट्रेड युनियन, हाम्रो अभियान"** भन्ने मूलनाराका सहित वि.सं. २०८१ माघ 30 देखि फागुन ४ गतेसम्म काठमाडौंमा सम्पन्न ऐतिहासिक बाह्रौ महाधिवेशनको कार्यभार पूरा गर्ने प्रतिवद्धताकासाथ उपस्थित पदाधिकारी एवं सदस्य मित्रहरुलाई केन्द्रीय कार्य समितिको दोस्रो बैठकमा हार्दिक स्वागत तथा अभिवादन गर्न चाहान्छु ।

पेसागत हक अधिकार, मानव अधिकार, शान्ति, सामाजिक न्याय र लोकतन्त्र एवं सुशासनको पक्षमा लड्दा लड्दै शहादत प्राप्त गर्नु हुने आदरणीय शहीद मनोज जोशी, झपेन्द्र कार्की, सुरेन्द्र विश्वकर्मा लगायत संगठनलाई यहाँसम्म ल्याई पुर्‍याउन महत्वपूर्ण योगदान गर्नु हुने पूर्व अध्यक्ष स्व. मुरारी भट्टराई, पूर्व उपाध्यक्ष स्व. शंकरप्रसाद पोखरेल, पूर्व कोषाध्यक्ष स्व. दधिराम दाहालका साथै ज्ञात अज्ञात शहिद तथा अग्रजहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु ।यस अवधिमा असामयिक निधन हुनु भएका संगठनका केन्द्रीय सदस्य तारा न्यौपानेका ससुरावुवा, पूर्व के.स. रामचन्द्र पण्डितका पिता र संगठनका कार्यालय सहयोगी रस्मिला घिमिरेका पिताको मृत्युप्रति संगठन भावपूर्ण श्रद्धाञ्ली अर्पण गर्दछ ।त्यसैगरी प्रदेश, जिल्ला/ विभागीय कार्य समितिका पदाधिकारी, सदस्यहरुका आफन्तजनको निधनप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै परिवारजनमा गहिरो समवेदना प्रकट गर्दछु ।साथै संगठन केन्द्रीय कार्य समितिका उपाध्यक्ष विष्णु प्रसाद अर्याल,सचिव देवी कुमारी पराजुली विरामी भई स्वास्थ्य उपचारमा रहनु भएको हुँदा दुवैजनाको शिघ्र स्वास्थ्य लाभको कामना ब्यक्त गर्दछु ।

यस अवधिमा संगठन केन्द्रीय कार्यसमितिका सदस्य सुरेन्द्रबहादुर शाही, केन्द्रीय सदस्य अनुप ढकाल र पूर्व केन्द्रीय सदस्य राजकुमारी खत्री र संगठन अर्थ विभागीय कार्य समितिका अध्यक्ष चुरामणी अर्यालका साथै जिल्ला/विभागीय कार्यसमितिबाट नेपाल सरकारको उपसचिव पदमा बढुवा हुनु भएका अन्य संगठकहरुलाई बधाई तथा सफल कार्यकालको शुभकामना व्यक्त गर्दछौं । साथै के.स. प्रकाश शर्मा, के.स. रेणुका सुवेदीका पुत्रहरुको शुभव्रर्तवन्ध तथा के.स. कमला भुसालका ससुरा बुवाको चौरासीपूजा सम्पन्न भएकोमा हार्दिक वधाई तथा शुभकामना व्यक्त गर्दछु ।

नेपालमा बहुदलीय व्यवस्थाको स्थापनासँगै पेसाकर्मीहरुको हकहित, अधिकारको रक्षा र प्रजातन्त्रको सुदृढीकरणका खातिर वि.सं. २०४७ बैशाख ७ गते नेपाल निजामती कर्मचारी संगठनको स्थापना भएको कुरा सर्वविदितै छ ।वि.सं. २०४७ मंसिर २६ देखि पुष ५ गतेसम्म ९ दिन र वि.सं. २०४८ असार १६ देखि भाद्र ८ सम्म ५६ दिन संगठनले संचालन गरेको कर्मचारी आन्दोलन, वि.सं. २०५७ मा उच्चस्तरीय तलव आयोगको प्रतिवेदन कार्यान्वयन गराउन देशव्यापी भण्डाफोर सहित करिव ५२ हजार कर्मचारीहरुको हस्ताक्षर संकलन,

वि.सं. २०५९ मा संगठन विरोधी दौडाहा टोली खारेजका लागि गरेको भण्डाफोर, वि.सं. 2062 असार ३० गतेलाई कालो दिन घोषणा, वि.सं. 2062 श्रावण ७ गते निरङ्कुशतन्त्रका विरुद्धमा विरोध प्रदर्शन, २०६२/063 को शान्तिपूर्ण जनआन्दोलनमा सात राजनैतिक दलको सहकार्यमा गरेको महत्वपूर्ण आन्दोलनमा संगठनले खेलेको भूमिकाका आधारमा नेपालको निजामती प्रशासनले विभिन्न उपलव्धी हासिल गरेकोछ। संगठनको नेतृत्वमा ट्रेड युनियन अधिकारको प्राप्ति, २४घ(१) बढुवा व्यवस्थापन, सावधिक जीवनवीमा कार्यक्रम, निजामती अस्पतालको स्थापना, निजामती आवास र विद्यालयको स्थापना, निजामती पोशाकको प्राप्ति, ट्रेड युनियन ऐन अनुसार संगठन दर्ता, केन्द्रीय भवन निर्माणको लागि जग्गा प्राप्ति र शहीद मनोज-झपेन्द्र स्मृति केन्द्रीय भवन निर्माण, WFTU, TUI-PS को बाह्रौँ कंग्रेस काठमाडौंमा व्यवस्थापन, एक दिनको तलव वरावरको एक ग्रेड प्राप्ति, आधिकारिक ट्रेड युनियनको निर्वाचनमा संगठनको श्रेष्ठता, कर्मचारी कल्याण कोष कार्यक्रम संचालन, सहकारीताको माध्यमबाट राष्ट्रसेवक सहकारीको प्रवर्द्धन गर्दै पूँजी निर्माण र परिचालनमा सफलता, अस्थायी तथा करारमा कार्यरत कर्मचारीहरुको बिदा लगायत सामाजिक सुरक्षा कोषमा आवद्धता, कर्मचारी सञ्चय कोषबाट थप औषधोपचार सुविधा, नागरीकसँग नेपाल निजामती कर्मचारी संगठन अन्तर्गत नागरीक सेवाजस्ता महत्वपूर्ण उपलव्धी हासिल भएको विषय यस गरीमामय बैठकमा स्मरण गर्न चाहन्छु ।

संगठनको ऐतिहासिक बाह्रौ महाधिवेशन (माघ ३० देखि फागुन ४, २०81, र्राष्ट्रियसभागृह, काठमाडौं) वाट राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिस्थिति, पेसागत आन्दोलनको इतिहास, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय ट्रेड युनियन आन्दोलन, आधिकारिक ट्रेड युनियनको समिक्षा, एघारौ र्राष्ट्रिय अधिवेशनका कार्यभारहरुको समीक्षा, संगठनले प्राप्त गरेका महत्वपूर्ण उपलव्धी, सांगठनिक संरचना, अवका दिनमा संगठनले गर्नुपर्ने महत्वपूर्ण कार्यभारहरुका बारेमा छलफल र बहस गर्दै महत्वपूर्ण निष्कर्षहरु सहित सम्पन्न भएको थियो ।बाह्रौ महाधिवेशनले अगाडि सारेका महत्वपूर्ण कार्यभारहरु पूरा गर्ने बाटोमा हामी अगाडि बढेका छौँ ।मुलुक यतिबेला संघीयता कार्यान्वयनको अन्तिम चरणमा रहेको कारण निजामतीक्षेत्र संक्रमणमा रहेको छ ।संसदमा दर्ता भएको संघीय निजामती सेवा ऐन नेपाल सरकारले एक पटक फिर्ता गरी पुनः वि.सं. २०८० फागुन २१ गते दोस्रो पटक संसदमा दर्ता गरी लामो छलफल र बहसगर्दै राज्य व्यवस्था सुशासन समितिले पारित गरेको अवस्था छ । प्रदेश र स्थानीय तहमा समायोजन र नयाँ नियुक्ति भएर आएका कर्मचारी सञ्चालन सम्वन्धी ऐन तथा नियमावली फरक फरक ढंगबाट निर्माण हुँदा अनिश्चित भविष्य र वृत्ति बिकासको बाटो अवरुद्ध भएको अवस्थामा कार्यरत रहनु पर्ने परिस्थिति छ ।प्रदेशमा निर्माण भएका कानुन समेत कर्मचारीमैत्री देखिएका छैनन् । यस्तो गम्भीर अवस्थामा हामी दोस्रो केन्द्रीय बैठकमा उपस्थित भएका छौ ।यस बैठकमा राष्ट्रिय, अन्तर्राष्ट्रिय परिस्थिति, सार्वजनिक प्रशासनको हालको अवस्था, यस अवधिमा सम्पन्न संगठनका गतिविधिहरु र संगठनले आगामी दिनमा सम्पन्न गर्नुपर्ने कार्यभार सहितको साँगठनिक प्रतिवेदन प्रस्तुत गर्ने अनुमती चाहान्छु ।

**आदणीय अध्यक्षज्यू, केन्द्रीय पदाधिकारी, सदस्यज्यू एवम् सल्लाहकारहरु,**

अव म, हालको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिस्थिति र सार्वजनिक प्रशासनको वर्तमान अवस्थाको बारेमा संक्षिप्त विवरण उल्लेख गर्ने अनुमती चाहन्छु ।

**राष्ट्रिय परिस्थितिः**

१. संविधान निर्माणपश्चात संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीको कार्यान्वयनको दिशामा मुलुक अगाडि बढेकोछ। संघ, प्रदेश र स्थानीय तीनै तहमा निर्वाचित जनप्रतिनिधिद्धारा सरकार सञ्चालनमा रहेकोछ। संविधान अनुकूलका मौलिक हक लगायतका कानुनहरु निर्माण भइरहेका छन् । शासकीय लाभहरुलाई सन्निकटताको सिद्धान्त अनुकूल जनतामा पुऱ्याउने अधिकतम पहल भइरहेकोछ ।तर, शासनमा सुशासनको अभावले सरकारप्रतिको जनताको सन्तुष्टि कमजोर बन्दै गइरहेकोछ। संघीयता, धर्मनिरपेक्षता, समावेशिताजस्ता मुद्दाहरुमा बहस हुनु, नेपाल सरकारको असन्तुष्टिलाई व्यवस्थासँग जोडी संघीय गणतन्त्रात्मक शासन प्रणालीप्रति नै वितृष्णा जगाउन खोज्ने प्रवृत्ति ऐतिहासिक उपलब्धीहरुलाई जोगाउँदै समाजको आर्थिक तथा सामाजिक रुपान्तरणको दिशामा मुलुक लाई अगाडि बढाउनुका साथै भूराजनीतिक परिवेशलाई समेत सन्तुलनमा राखि राष्ट्रिय राजनीतिलाई अगाडि बढाउनु आजको प्रमुख चुनौती र अवसर रहेको देखिन्छ।

2. संघीय शासन प्रणालीको मर्म र भावना अनुकूल नागरीकलाई प्रभावकारी सेवाप्रवाह मार्फत लोकतान्त्रिक शासन प्रणालीका लाभहरु जनताको घरदैलोसम्म पुऱ्याउने प्रमुख संयन्त्र प्रशासनिक संरचना हो। तीन तहको शासकीय संरचनासँगै हाल तीनै तहका सरकारका आ-आफ्ना प्रशासनिक संरचना र जनशक्तिहरु निर्माण भइरहेका छन्। स्थानीय तहमा प्रशासनिक संरचनाहरुको निर्माणले तिव्रता पाइरहेका छन्। प्रशासनिक कानुनहरु निर्माणले समेत तिव्रता पाइरहेको छ भने संवैधानिक अधिकारक्षेत्र बमोजिम तीनै तहका प्रशासनिक संरचनामार्फत शासन, बिकास र सेवाप्रवाहको काम भइरहेको छ। तर, प्रशासनिक संरचना सञ्चालनको मूल कानुन संङ्घीय निजामती सेवा ऐन हालसम्म पनि पारित हुन नसक्नुले तीनै तहको निजामती सेवाको संस्थागत सुदृढीकरण एवं जनशक्तिको मनोवल कमजोर हुँदै गएको परिवेशमा संघीय प्रणालीको मर्मअनुरुप तीनै तहको निजामती सेवालाई एकीकृत प्रणालीमार्फत जोड्ने गरी सोही अनुसारको वृत्ति प्रणाली, सेवाका शर्त, प्रभावकारी सेवा प्रवाहको सुनिश्चितता र कर्मचारी मनोबल बढाउने गरी तत्काल ऐन जारी गरी चुस्त, सुशासनयुक्त र मनोबलयुक्त प्रशासनिक संरचनाको सुदृढीकरण आजको आवश्यकता रहेकोछ।

3. नेपाल बिकासशिल मुलुकको सूचीमा रहेको छ। नेपालको अर्थतन्त्र कलिलो मुनाकोरुपमा रहेको छ। उच्च प्राकृतिक तथा खनिज पदार्थ, पर्यटकीय संभावना, जलविद्युत उत्पादनको प्रचुर संभावना, कृषि तथा कृषिजन्य उद्योगको उच्च संभावनाका बावजूद नेपाल सरकारको परिवर्तन, नीतिगत अस्थिरता, परियोजनामा लगानीको अभाव, प्राकृतिक विपत्ति, महामारी, जलवायु परिवर्तन लगायताका कारण मुलुकको अर्थतन्त्रले सोचेअनुरुपको आर्थिक बृद्धि हुन सकिरहेको छैन्, मुलुक रेमिट्यान्स अर्थतन्त्रमा निर्भर रहेको छ। यसर्थ, राज्यले संवैधानिक मर्मअनुरुपको समाजवादउन्मुख आर्थिक नीतिको अवलम्वन गरी मुलुकभित्रको उच्च सम्भावना बोकेका क्षेत्रमा स्वदेशी तथा विदेशी लगानीलाई केन्द्रित गरी उच्च तथा दीगो आर्थिक बृद्धि र त्यसको न्यायोचित वितरण मार्फत ×सुखी नेपाली, समृद्ध नेपाल"को राष्ट्रिय आकाँक्षा अनुसार अगाडि बढ्नु पर्नेछ।

4. मुलुकको बिकासको प्रमुख बाधक भनेको भ्रष्टाचारमुखी सोच र चिन्तन नै हो। बिकासको गतिलाई तिव्रता दिनको लागि सुशासन प्रमुख औजार हो। तिव्रत्तर आर्थिक बिकास, रुपान्तरणकारी एवं राष्ट्रिय गौरवका

बिकास आयोजनाको संस्थागत सुशासन र समयमै सम्पन्नता, उत्पादन र उत्पादकत्वमा अभिवृद्धि, सार्वजनिक प्रशासनको सुदृढीकरणमार्फत सेवा प्रवाहको प्रभावकारिता, बिकासप्रतिको राष्ट्रिय चिन्तनमा सबै राष्ट्रिय शक्तिहरुको एकरुपता र अग्रसरता, राष्ट्रिय हितप्रतिको प्रतिबद्ध नेतृत्व, नीतिगत स्थायित्वजस्ता विषयमा जोड दिन सकेमा मात्र मुलुकले अवलम्वन गरेको ×**सुखी नेपाली**, **समृद्ध नेपाल"**को राष्ट्रिय आकाँक्षाले साकाररुप लिने साथै संवैधानिक मर्म र भावना अनुकूलको संघीय लोकतान्त्रिक गणतन्त्रको संस्थागत बिकास हुने देखिन्छ।

**अन्तर्राष्ट्रिय परिस्थितिः**

आजको विश्वले तीव्र गतिको परिवर्तनको सामना गरीरहेको छ। देशहरुबीचको सम्वन्ध र सञ्जाल जटिल एवम् अन्तरनिर्भर हुँदै गईरहेकोछ । प्रविधिको तीव्र बिकास, शक्तिराष्ट्रहरूको प्रतिस्पर्धा, जलवायु परिवर्तन, आर्थिक असमानता, महामारीपछिको पुनःस्थापना र कृत्रिम बौद्धिकता (AI) को उदयजस्ता विषयहरूले वर्तमान अन्तर्राष्ट्रिय परिवेशलाई प्रभावित गरीरहेकाछन् । एक मुलुकमा भएको सानो घटनाले पनि अर्को मुलुकमा प्रत्यक्ष वा अप्रत्यक्ष असर पुऱ्याउन थालेकाछन् । जलवायु परिवर्तन, साइवर सुरक्षाको चुनौती, स्वास्थ्य महामारी, आर्थिक असमानताजस्ता समस्याहरू देशका सीमानाभित्र सीमित छैनन् न कुनै एक देशले रोक्न सकेकोछ । यी समस्यासँग जुध्न विश्वव्यापी प्रतिवद्धताका लागि आवश्यक महशुस गरी सहकार्यको प्रयास भने भएकाछन् ।

**प्रशासनिक पक्षः**

विश्वव्यापी परिवर्तनसँगै प्रशासनिक प्रणालीहरूमा पनि ठुला रूपान्तरणहरू भइरहेकाछन्। शासन व्यवस्थालाई पारदर्शी, जनउत्तरदायी र नागरीकमैत्री बनाउने प्रयास तीव्र रुपमा बढिरहेको छ। सूचना प्रविधिको प्रयोग, खुला सरकार (Open Government), ई-गभर्नेन्स, डिजिटल प्रशासन, नागरीक सहभागिता तथा नीतिगत समावेशिता अहिलेको अन्तर्राष्ट्रिय प्रशासनिक प्रवृत्तिका मुख्य आयामका रुपमा देखा परेकाछन् ।

**राजनीतिक पक्षः**

राजनीतिक दृष्टिकोणबाट हेर्दा, अहिलेको विश्व विस्तारै बहुपक्षता (Multilateralism) बाट ध्रुवीकरण (Polarization) तर्फ अघि बढेको देखिन्छ । विगतमा अमेरिका एकछत्र विश्व शक्तिजस्तो देखिन्थ्यो, तर अहिले चीनको उदयले चुनौती दिएकोछ। रुस, भारत, ब्राजिल, टर्की जस्ता देशहरूले पनि क्षेत्रीय प्रभाव विस्तार गरीरहेकाछन्। युक्रेन र रुसबीचको युद्धले केवल युरोपको सुरक्षा चिन्ता मात्र बढाएको छैन्, विश्वभर उर्जा तथा खाद्यान्न आपूर्तिमा संकट उत्पन्न गराएकोछ। इजरायल र गाजा संघर्षले पश्चिम एशियामा अस्थिरता निम्त्याएकोछ । भारत र पाकिस्तानबीचको दूरी बढेसँगै दक्षिण एशियामा युद्धको जोखिम निम्तिएकोछ । विश्व राजनीतिमा बिकसित यी घटनाहरुलाई रोक्न, समाधान गर्न र दीगो शान्ति स्थापना गर्न स्थापित अन्तरर्राष्ट्रिय संस्थाहरु ठुला र शक्ति राष्ट्रहरुको प्रभुत्वामा निष्कृय हुँदै गएकाछन् । यस्ता संस्थाहरुमा साना राष्ट्रका आवाज र विश्वास विस्तार कमजोर हुँदै गएकोछ। शक्ति राष्ट्रहरुको स्पष्ट ध्रुबीकरणले विश्व राजनीतिलाई झनै सशंकित बनाउँदै लगेकोछ

**आर्थिक पक्षः-**

कोभिड-१९ महामारीपछि विश्व अर्थतन्त्र पुनःस्थार्पनाको चरणमा छ। विश्वको आर्थिक बृद्धिदर करिव ३ प्रतिशतमा सिमित छ । उदीयमान र विकासोन्मुख अर्थतन्त्रमा केही सुधारका संकेत देखिए पनि विकसित राष्ट्रहरु अझै मन्दीको सामना गरीहरेका छन् । विश्वबजारमा आपूर्ति श्रृङ्खलामा आएको अवरोध, कच्चा

तेलको मूल्यवृद्धि र मुद्रास्फीति जस्ता समस्याले विकासशील र गरीब देशहरूलाई बढी असर गरेको छ। यसको एउटा उदाहरण अत्यधिक ऋण, विदेशी मुद्राको अभाव र जनमानसको असन्तोषको परिणामले सिर्जित श्रीलङ्काको आर्थिक सङ्कटलाई हेर्न सकिन्छ ।अर्कोतर्फ, डिजिटल अर्थतन्त्र, ई-कमर्स, क्रिप्टोकरेन्सी, फिनटेक, कृत्रिम बौद्धिकताको प्रयोग आदिले विकासशील अर्थतन्त्रलाई पनि प्रतिस्पर्धी बनाउने अवसर दिएको छ। भारतको **×डिजिटल भारत अभियान"**, अफ्रिकी देशहरूमा मोबाइल बैंकिङको विस्तार, नेपालमा बढ्दो डिजिटल भुक्तानी, राष्ट्रिय परिचय पत्रको शुरुवात, सेवा प्रवाहमा नागरीक एपको प्रयोग जस्ता विषयले अर्थतन्त्रमा सकारात्मक उर्जा प्रवाह गरेका छन्।

**सामाजिक पक्ष**

सामाजिक क्षेत्रमा प्रविधिले शिक्षा, स्वास्थ्य, सञ्चार र सेवा प्रवाहलाई सहज बनाएको छ। तर, यिनै प्रविधिहरू सामाजिक विभाजनको कारण पनि बनेका छन्। उदाहरणका लागि, डिजिटल पहुँच नहुँदा ग्रामीण तथा दुर्गम क्षेत्रका समुदायहरू पछाडि परिरहेका छन्। विश्वका कैयौँ देशमा शरणार्थी समस्या गहिरिँदै गएको छ । सिरिया, अफगानिस्तान, सुडान जस्ता देशहरूका लाखौँ नागरीक युरोप र छिमेकी मुलुकहरूतर्फ विस्थापित भएका छन्। यस्ता अवस्थाले सामाजिक अस्थिरता र चरम मानव अधिकारको उल्लङ्घन गराइरहेको छ। यस्तै, लैङ्गिक हिंसा, जातीय भेदभाव, र सामाजिक बहिष्करणका मुद्दाहरू अझै विश्वव्यापी रूपमा समाधान हुन सकेका छैनन्।

**साँस्कृतिक पक्ष**

ग्लोबलाइजेशनले विश्वका विभिन्न संस्कृतिहरूबीच अन्तरघुलन गराएको छन्। आज एक नेपाली युवा कोरियन म्युजिक (K-pop), अमेरिकन हिप-हप, जापानी एनिमे हेर्छ; युरोपेली फेसन पछ्याउँछ । यसले आफ्नै मौलिक संस्कृतिको अस्तित्वमा प्रश्न उठाउन थालेको छ। उदाहरणका लागि, धेरै मुलुकमा पश्चिमी संस्कृतिको प्रभावले स्थानीय भाषा, पोशाक, परम्परा र चाडपर्वहरू ओझेलमा पर्दै गएका छन्। यति हुँदाहुँदै पनि अन्तर्राष्ट्रिय सँस्कृति आदान-प्रदानले सहिष्णुता र विश्व बन्धुत्वको भावना पनि विकास गराएको छ। युनेस्कोले हरेक वर्ष “World Cultural Heritage” घोषणा गरेर विश्वका मूल्यवान संस्कृति र सम्पदालाई संरक्षण गर्न मद्दत गरीरहेको छ।

**सगरमाथा संवाद, २०८२**

जलवायु परिवर्तन: हिमाल र मानवाताको भविष्य’ भन्ने नारा साथ २०८२ जेठ २ देखि ४ गते सम्म विभिन्न मुलुका करिब १७५ जना विदेशी प्रितिनिधहरु सहित करिब ३५० जनाको उपस्थितिमा काठमाडौंमा सगरमाथा सम्वाद कार्यक्रम सम्पन्न भएको छ ।विश्वको हिमाली क्षेत्रमा विद्यमान रहेको संकटप्रति अन्तर्राष्ट्रिय समुदायलाई सुचित तथा जिम्मेवार बनाउन, हिमाली पर्यावरणिय प्रणालीमा आश्रित विश्व समुदायलाई यसप्रति अपनत्व जगाउँदै संरक्षणमा संगठित भई कार्य गर्न सगरमाथा संवाद एक भरपर्दो माध्यम बन्न पुगेको छ। उक्त सम्वाद कार्यक्रममा चीन तथा भारतका प्रतिनिधिसहित कोप २९ का अध्यक्ष एवं अजरबैजानका राष्ट्रपतिका जलवायु विषय सम्बन्धी प्रतिनिधिले सम्बोधन गरेका थिए। जलवायु परिवर्तनले निम्त्याएको विश्वव्यापी तापक्रम वृद्धि सहित हिमाली क्षेत्रको पर्यावरणीय प्रणालीमा देखिएको चेतावनीयुक्त सख्लन र यसबाट तल्लो तटिय क्षेत्र लगायत सामुद्रिक पारिस्थितिक प्रणालीमा देखिएको समस्यालाई मुल मुद्दाका रुपमा उभ्याउन सगरमाथा संवाद सफल र उपलब्धिमूलक भएको छ। सगरमाथा संवाद कार्यक्रम अन्तर्गत विभिन्न विधामा १२ वटा सेसनहरु सञ्चालन गरी हिमालयदेखि टापु राष्ट्र सम्मले सामना गरिरहेको जलवायु परिवर्तनको चुनौतीसँग जुध्न यस अन्तर्राष्ट्रिय सम्मेलनले दस्ताबेजका रुपमा **“सगरमाथा कार्यका लागि**

**आह्वान (Sagarmatha Call for Action)"** जारी गरेको छ।आह्वान पत्रमा हिमादेखि समथर भूभागसम्म जलवायु परिवर्तनले पारेको प्रभावप्रति सचेत रही जोखिम न्यूनीकरण गर्न अपनाउनुपर्ने कार्य समेटिएको छ। सगरमाथा संवादले विशेष गरी विकासशील र संवेदनशील राष्ट्रहरूका लागि अनुदान तथा सहुलियतपूर्ण वित्तीय स्रोत सहित अन्तर्राष्ट्रिय जलवायु वित्तको सुदृढिकरणको माग गरेको छ र हिमाली राष्ट्रहरूको दिगो विकासका लागि विशेष कोष स्थापनाको समर्थन गरेको छ।

**वातावरणीय पक्षः**

वर्तमान विश्व प्राकृतिक क्षेत्रमा गम्भीर संकटको सामना गरीरहेको छ। जलवायु परिवर्तन, जैविक विविधताको क्षय, वन विनाश, पानीको स्रोतको संकट, माटोको कटान, मरुभूमिकरण, समुद्री प्रदूषण, र प्राकृतिक प्रकोपको तीव्रता बढ्नुजस्ता समस्या विश्वव्यापी चुनौती बनिसकेका छन्। यी समस्याहरूले मानव अस्तित्व नै संकटमा पारेका छन्।

जलवायु परिवर्तनको कारण चरम मौसम तथा प्राकृतिक प्रकोपको सामना गर्नु परेकोछ ।क्यानडामा ५० डिग्री सेल्सियससम्मको तापमान, पाकिस्तान र भारतमा ४५°C माथिको गर्मी लहर, अफ्रिकामा लगातारको सुख्खा, अमेरिका र अष्ट्रेलियामा विनाशकारी डढेलो आदिका घटनाले प्राकृतिक प्रणाली असन्तुलित हुँदै गएको स्पष्ट देखिन्छ । जलवायु परिवर्तन असर न्यूनीकरण गर्ने उद्देश्यले जलवायु सम्मेलन COP Conference of the Parties प्रत्येक वर्ष हुँदै आएका छन्, तर, यी सम्मेलनहरूमा अनेक विवादहरू र असहमति देखिने गरेका छन्। विशेष गरी विकसित र विकासोन्मुख राष्ट्रहरूबीच जलवायु वित्त Climate Finance), Loss and Damage कोष सञ्चालनका विषयमा, जीवाष्मा इन्धन (Fossil Fuels) बन्द गर्ने विषयमा, तापमान वृद्धिको सीमा कार्यान्वयनको विषयमा र सहभागिता तथा समानताको विषयमा असहमती एवम् विवाद हुने गरेको छ।

**निजामती सेवाको वर्तमान अवस्थाः**

राज्यको विकासक्रमसँगै शासकीय प्रणालीमा सार्वजनिक प्रशासन जोडिएको हुन्छ । नेपालको सन्दर्भमा प्रजातन्त्रको शुरुवात पश्चात निजामती सेवाको स्वतन्त्र अस्तित्व कायम भएको साथै ऐन, नियम बमोजिम वैधानिक संयन्त्र र स्थायी सरकारको रुपमा अनवरत क्रियाशिल रहेको पाइन्छ । नेपालको संविधान जारीपश्चात राजनैतिक पुनःसंरचनासँगै प्रशासनिक तहको पनि पुनःसंरचना भई हाल तीन तहको कर्मचारी संरचना कायम भएको छ । नेपालको संविधानको धारा २८५ र ३०२ मा भएको व्यवस्था बमोजिम कर्मचारी समायोजन ऐन, २०७५ जारी गरेर संघमा रहेका कर्मचारीलाई तीन तहमा समायोजन गरीएको थियो। संघीयता कार्यान्वयन भएको एक दशकसम्म पनि संघीय निजामती सेवा ऐन वन्न सकेकोछैन् ।यसले गर्दा कर्मचारी समायोजन बमोजिम समायोजन भएका,प्रदेश कानुन बमोजिम नियुक्त भएका र साविकको ऐन बमोजिमका नियुक्ति भएका कर्मचारी सरुवा,वढुवा र वृत्तिविकासमा अस्पष्टता र समस्या सिर्जना भएको छ । संघीय निजामती सेवाको गठन, सञ्चालन र सेवाका शर्त सम्बन्धमा व्यवस्थापन गर्न वनेको विधेयक, २०८० लामो समयदेखि संसदको राज्य व्यवस्था तथा सुशासन समितिमा छलफल गरी संघीय संसदमा प्रतिवेदन सहित दर्ता भएको । यसरी दर्ता भएको संघीय निजामती सेवा ऐनको विधेयक संसदबाट छिटो जारी हुँदा अधिकारको स्पष्ट वाँडफाँट, तहगत जिम्मेवारी,श्रोत साधनको उपयोग, कार्य सम्पादन प्रणालीमा सुधार, संघ, प्रदेश र स्थानीय तहका कर्मचारीहरुको वृत्तिविकास, सरुवा, वढुवा र सेवा शर्तहरुको स्पष्टता जस्ता विषयले कर्मचारीलाई थप उत्प्रेरित गरी उत्पादन र उत्पादकत्व वृद्धि गर्दछ भन्ने आशा एवं विश्वास गरीएको छ ।

**संघीय निजामती सेवा विधेयकका सम्वन्धमा राज्य ब्यवस्था तथा सुशासन समितिले प्रतिवेदनमा समावेश भएको विषयहरु-**

1. संघीय निजामती निजामती सेवा ऐन नेपाल सरकारको स्वामित्वमा रहेका संस्थान वा निकायहरुको हकमा पनि यो ऐन मार्गनिर्देशक हुनेछ ।
2. विशिष्ट श्रेणीमा अधिकृत तेह्रौ तह,अधिकृत चौधौ तहर अधिकृत पन्ध्रौ तह कायम भएको छ ।
3. निजामती कर्मचारीको पदस्थापन र सरुवा गर्दा कार्य विवरण उपलब्ध गराउनु पर्ने ब्यबस्था रहेको ।
4. ऐन प्रारम्भ भएको २ महिना भित्र संगठन तथा ब्यबस्थापन सर्वेक्षण गर्ने ब्यबस्था रहेको ।
5. अधिकृत सातौ तहमा खुला 60 प्रतिशत,अन्तरतह 10 प्रतिशत र बढुवामा 30 प्रतिशत कायम रहेको ।
6. अधिकृत एघारौ तहमा अन्तरतह 15 प्रतिशत र बढुवामा 85 प्रतिशत कायम रहेको ।
7. संघीय निजामती सेवा,प्रदेश निजामती सेवा र स्थानिय सेवाको अधिकृत तहको पदमा 5 वर्ष सेवा अवधि भएका कर्मचारी माथिल्लो तहको पदमा उमेद्ववार हुन पाउने ब्यबस्था रहेको ।
8. सेवा प्रवेशको उमेर पुरुष कर्मचारीलाई पैतिस र महिला कर्मचारीलाई उनन्चालिस बर्ष कायम भएको
9. निजामती सेवाका स्थायी कर्मचारी,प्रदेश र स्थानीय तहमा समाययोजन भएका कर्मचारी,लोक सेवा आयोग, प्रदेश लोक सेवा आयोग संसद सचिवालय सम्वन्धि कानुन र नेपाल स्वास्थ्य सेवा सम्वन्धी प्रचलित कानून बमोजिमका सेवाम कार्यरत कर्मचारीहरुलाई खुल्ला पदमा उम्मेदवार हुन उमेरको हद नलाग्ने ।
10. संघीय निजामती सेवा, प्रदेश निजामती सेवा र स्थानीय सेवा संघीय संसद सचिवालय सम्बन्धी प्रचलित कानून बमोजिमका सेवा र स्यास्थ्य सेवा सम्बन्धी प्रचलित कानून बमोजिमका सेवामा एक पटक परिक्षणकाल पुरा गरेका कर्मचारीलाई पुनः परिक्षणकाल नलाग्ने ।
11. अधिकृत चौधौं तहको निजामती कर्मचारीको ४ वर्ष र अधिकृत पन्धौं तहको निजामती कर्मचारीको सेवा अवधि २ वर्ष कायम भएको ।
12. राजपत्रांकित विशिष्ठ श्रेणीमा बढुवा गर्दा जेष्ठताका आधारमा ४० प्रतिशत र कार्यक्षमताका आधारमा ६० प्रतिशतबाट बढुवा गर्ने व्यवस्था कायम गर्ने ।
13. राजपत्रांकित विशिष्ठ श्रेणी तथा राजपत्रांकित प्रथम श्रेणीका कर्मचारी वाहेक अन्य कर्मचारीका सरुवा सम्बन्धीत अक्तियारवालाले वर्षमा एक पटक तोकिएको समय तालिकामा मात्र गर्न पाँउने व्यवस्था ।
14. स्तरवृद्धि हरेक वर्ष श्रावण १ गते र माघ १ गते तोकिएकोमा सो अवधिभित्र अनिर्वाय अवकास हुने कर्मचारीको हकमा तोकिएको सेवा अवधि पुरा भएको भोलीपल्टको मितिबाट तहवृद्धि हुने व्यवस्था भएको ।

15. कुनै कर्मचारी सरकारी कामकाज वा द्धन्द्धको कारण वा दुर्घटनामा परी मृत्यु भएका कर्मचारीका परिवारलाई एकमुष्ट रुपमा सातौं तह वा सो भन्दा माथिको कर्मचारीलाई १२ महिना वरावरको अधिकृत छैठौं र सहायक पाँचौं तहको कर्मचारीलाई १८ महिना वरावरको र अन्य कर्मचारी भए २१ महिनाको तलव वरावरको रकम एकमुष्ट रुपमा आर्थिक सहायता उपलब्ध गराउने ।
16. प्रदेश निजामती सेवा र स्थानीय सेवा सम्बन्धी कानुन निर्माण गर्दा आपसी सहमतीमा मिल्दो पद वा दरवन्दीमा अन्तरप्रदेश सरुवा गर्ने व्यवस्था ।
17. २०७६ सालमा लोक सेवा आयोगबाट स्थानीय तहका लागि सिफारिश भई दोहोरो सहमतीका आधारमा यो ऐन प्रारम्भ हुनु अघि कामकाज गर्न खटाएका कर्मचारीलाई हाल कार्यरत रहेको स्थानीय तहमा पदस्थापना गर्न वाधा पर्नेछैन भन्ने व्यवस्था रहेको ।
18. कर्मचारी समायोजन सम्बन्धी संघीय कानून बमोजिम प्रदेश र स्थानीय तहमा कर्मचारीको माग र प्रदेशहरुको दोहोरो सहमतीमा मन्त्रालयले पारस्पारिक सरुवा गर्न सक्ने छ भन्ने व्यवस्था रहेको ।
19. माथि उल्लेखित विषयहरुका अतिरिक्त नेपाल निजामती कर्मचारी संगठनले विगतमा पेस गरेका ८५ बुँदे सुझावलाई आधार बनाई  अधिकतम विषयहरु समेटी संघीय संसदबाट संघीय निजामती सेवा ऐनमा पास गराउन संगठन त्यस तर्फ लाग्न जरुरी रहेको छ ।

**आ.व. २०८२/०८३ बजेट सम्बन्धमाः**

नेपाल सरकारले २०८२ जेष्ठ १५ गते संघीय संसदको संयुक्त बैठक मार्फत आ.व. २०८२÷०८३ को लागि आर्थिक बृद्धिदर ४.६५ हुने गरी कूल रु. १९ खर्व ६४ अर्व ११ करोडको आय-व्यय सहितको बजेट अर्थमन्त्री माननीय विष्णु प्रसाद पौडैलबाट प्रस्तुत भएको छ । प्रस्तुत बजेटमा चालुतर्फ रु. ११ खर्व ८० अर्व ९८ करोड ( ६१. १ प्रतिशत), पूँजिगततर्फ रु. ४ खर्व ७ अर्व १९ करोड (२०.८ प्रतिशत), वित्तिय व्यवस्थापनतर्फ रु. ३ खर्व ७५ अर्व २४ करोड (१९.१ प्रतिशत) को बजेट प्रस्तुत भएको छ । यो अनुमान चालु आर्थिक वर्षको विनियोजनको तुलनामा ५.६ प्रतिशतले वढी र संशोधित अनुमानको तुलनामा ८.२ प्रतिशत बढी रहेको छ । कुल विनियोजनमा प्रदेश र स्थानीय तहमा वित्तिय हस्तान्तरण तर्फ ४ खर्व १७ अर्व ८३ करोड विनियोजन भएको देखिन्छ । आगामी आर्थिक वर्षका लागि अनुमान गरिएको खर्च व्यहोर्ने श्रोत मध्ये राजश्वबाट रु. १३ खर्व १५ अर्व, वैदेशिक अनुदाबाट रु. ५ खर्व ९५ अर्व ६६ करोड न्यून हुनेछ । सो न्यून पूर्ति गर्न वैदेशिक क्रर्ण रु २ खर्व ३३ अर्व ६६ करोड जुटाईने  र राजश्व परिचालन र वैदेशिक सहायता परिचालन गर्दा नपुग हुने खुद रु. ३ खर्व ६२ अर्व आन्तरीक क्रणबाट व्यहोर्ने  साथै राजश्व प्रणालीलाई लगानीमैत्री तथा उत्पादनमूखी वनाउन र निरन्तर बढीरहेको सार्वजनिक खर्चका लागि श्रोत व्यवस्थापन गर्न आवश्क रहेको देखिन्छ । बजेटमा प्रस्तुत गरिएका नीति तथा कार्यक्रमको कार्यान्वयनबाट आगामी आर्थिक वर्ष ६ प्रतिशत आर्थिक वृद्धि हासिल हुने अनुमान गरिएको छ साथै आगामी वर्ष मुद्रास्फीति ५.५ प्रतिशतको सिमाभित्र रहेने अनुमान समेत वजेटले गरेको छ ।

**बजेटका उपलब्धिः**

१. वेरोजगारी समस्या दिगोरुपमा समाधान गर्ने,
२. श्रम वजारको माग अनुरुप युवा जनशक्तिको सिप र दक्षतामा विकास गर्ने,
३. शिक्षा प्रणालीलाई आधुनिक र प्रविधिमैत्री वनाउने,
४. निरोगी नेपालःस्वस्थ्य नेपाली अभियान संचालन गर्ने,

५. सार्वजनिक सेवा प्रवाहलाई सरल, पहुचँयोग्य र गुणस्तरिय बनाउन सुचना प्रविधिको उच्चतम उपयोग गर्ने,

६. विद्युतीय माध्यमबाट नागरिकता वितरणलाई सहज वनाउने,

७. राष्ट्रसेवकहरुको सेवा सुविधा समय सापेक्ष वनाउनु पर्ने आवश्यकता वोध भएतापनि श्रोत व्यवस्थापनमा परेको दवावले गर्दा अपेक्षा अनुरुप तलव वृद्धि गर्न सम्भव नभएको तथापी सवै राष्ट्रसेवकहरुका लागि २०८२ श्रावण १ गतेबाट लागू हुने गरी महङ्गी भत्ता वृद्धि गरी मासिक रु. ५ हजार पु¥याएको छ,

8. कर्मचारी सञ्चयकोष लगायत अवकास कोषहरुको अग्रसरता र नीजि क्षेत्रको सहभागितामा सुलभ आवास कार्यक्रम संचालन गर्ने,

9. सातै प्रदेशका प्रमुख शहरी केन्द्रमा एक लाख भवन तथा अपार्टमेन्ट निमाण गरी निजामत,ि सुरक्षाकर्मी शिक्षक कर्मचारीलाई सहुलियतपूर्ण व्याजदर र किस्तावन्दीमा उपलब्ध गराउने,

10. मतदाता परिचय पत्रलाई राष्ट्रिय परिचयपत्रसँग आवद्ध गरी निर्वाचनको विश्वसनीयता अभिवृद्धि गर्दै हाल काठमाडौ जिल्लाबाट शुरुवात गर्ने,

11. स्विकृति दरबन्दी भित्र करार सेवामा रहेका कर्मचारी र अस्थायी शिक्षकहरुलाई योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रममा आवद्ध गरेको । रोजगारदातार योगदानकर्ताबाट १० प्रतिशत योगदान सहित यस्तो कोष रहने,

12. राज्यकोषबाट सुविधा प्राप्त गर्ने प्रतिष्ठान, बोर्ड, समिति र सार्वजनिक निकायका पदाधिकारी कर्मचारीको तलब तथा सेवा, सुबिधामा पुनरावलोकन गरेर एकरुपता ल्याउन तीन महिनाभित्र सुझाव सहितको प्रतिवेदन पेस गर्न सिफारिस समिति गठन गर्ने,

13. स्वास्थ्य उपचार सेवा कर्मचारी सञ्चयकोषले सञ्चयकर्ताको पति र पत्नीको लागि प्रदान गरिर्दै आएकोमा परिवारका अन्य सदस्यहरुलाई पनि प्रदान गर्ने ।

**अध्यक्षज्यू,केन्द्रीय पदाधिकारी तथा सदस्यहरु,**

**अव म प्रथम पदाधिकारी बैठकका निर्णयहरु अनुमोदनका लागि प्रस्तुत गर्ने अनुमती चाहान्छु ।**

**प्रथम पदाधिकारीको बैठक (2081 फागुन 19 गते) बबरमहल काठमाडौं ।**

नेपाल निजामती कर्मचारी संगठन, केन्द्रीय पदाधिकारीको पहिलो बैठक २०८१ फागुन १९ गते काठमाडौंमा सम्पन्न बैठकवाट निर्णयहरु भएको थियो । बैठकबाट भएका निर्णयहरु लाई देहाय वमोजिम उल्लेख गर्न चाहान्छु ।

**निर्णय नम्वर १**

नेपाल निजामती कर्मचारी संगठनको बाह्रौ महाधिबेशन २०८१ माघ ३० फागुन ३ काठमाडौंमा सम्पन्न भएको थियो । महाधिबेशन सम्पन्न गर्न महत्वपूर्ण भूमिका निर्वाह गर्नु भएका महाधिवेशनका प्रतिनिधिहरु, अध्यक्ष मण्डलका पदाधिकारी, सदस्यहरु निर्वाचन समितिका पदाधिकारी सदस्यहरु, हल ब्यवस्थापन खाना ब्यवस्थापन लगायत महाधिवेशन सम्पन्न गर्न महत्वपूर्ण भूमिका निर्वाह गर्नुहुने निवर्तमान केन्द्रीय पदाधिकारी, सदस्य लगायत सम्पूर्ण महानुभावहरुलाई हार्दिक धन्यवाद प्रदान गर्ने ।

**निर्णय नम्वर २**

नेपाल निजामती कर्मचारी संगठनको बाह्रौ महाधिवेशनको समिक्षा सम्वन्धमा पदाधिकारीवाट प्राप्त सुझावहरु समेत समावेश गरी बृहत समिक्षा प्रतिवेदन तयार गर्न तपशिलका पदाधिकारी सदस्य रहेको समिक्षा प्रतिवेदन तयारी समिति निर्माण गर्ने ।

**तपसिलः**

| | |
|---|---|
| १. उपाध्यक्ष विजयालक्ष्मी सुवेदी | - संयोजक |
| २. उप महासचिव वामदेव ओली | - सदस्य |
| ३. उप महासचिव सुर्य बहादुर कुवँर | - सदस्य |
| ४. उप महासचिव कमला दाहाल | - सदस्य |
| ५. कोषाध्यक्ष याम कुमारी सापकोटा | - सदस्य |

**निर्णय नम्वर ३**

नेपाल निजामती कर्मचारी संगठन, केन्द्रीय कार्य समितिको भित्तेपात्रो (क्यालेण्डर) २०८२ चालु आर्थिक बर्षमा भए गरेका महत्वपूर्ण तस्वीरहरु र केहि विज्ञापनहरु संकलन ४० हजार प्रति प्रकाशन गर्ने र क्यालेन्डर प्रकाशन गर्न तपशिलका पदाधिकारी, सदस्य रहेको क्यालेण्डर प्रकाशन समिति निर्माण गर्ने ।

**तपसिलः**

| | |
|---|---|
| १. महासचिव रामचन्द्र अधिकारी | - संयोजक |
| २. उप महासचिव सुर्य बहादुर कुवँर | - सदस्य |
| ३. कार्यालय सचिव पदम बहादुर शाही | - सदस्य |
| ४. सचिव तेज प्रकाश भण्डारी | - सदस्य |
| ५. सचिव डा.राज बहादुर पछाई | - सदस्य |
| ६. सचिव ओम बहादुर कठायत | - सदस्य |
| ७. सचिव देवी कुमारी पराजुली | - सदस्य |
| ८. सचिव गोविन्द अधिकारी | - सदस्य |
| ९. कोषाध्यक्ष याम कुमारी सापकोटा | - सदस्य |

**निर्णय नम्वर ४**

नेपाल निजामती कर्मचारी संगठनको बाह्रौ महाधिवेशनवाट निर्वाचित पदाधिकारी, सदस्य, प्रदेश जिल्ला/ विभागीय कार्य समितिवाट निर्वाचित भएका पदाधिकारी, सदस्यहरुको नाम समावेश गरी नेगो सम्पर्क डायरी २०८२ प्रकाशन गर्ने र उक्त डायरी प्रकाशन गर्न देहाय बमोजिमका पदाधिकारी, सदस्य रहेको समिति निर्माण गर्ने ।

**तपसिलः**

| | |
|---|---|
| १. महासचिव रामचन्द्र अधिकारी | - संयोजक |
| २. उप महासचिव वामदेव ओली | - सदस्य |
| ३. कार्यालय सचिव पदम बहादुर शाही | - सदस्य |
| ४. सचिव ओम बहादुर कठायत | - सदस्य |
| ५. सचिव गोविन्द अधिकारी | - सदस्य |
| ६. कोषाध्यक्ष याम कुमारी सापकोटा | - सदस्य |

७. सह-कोषाध्यक्ष दिपक शर्मा पौडेल - सदस्य

**निर्णय नम्वर ५**

नेपाल निजामती कर्मचारी संगठन जिल्ला कार्य समिति, चितवनको भवन निर्माण सहयोग स्वरुप रु एक लाख रुपैया प्रदान गर्ने ।

**निर्णय नम्वर ६**

नेपाल निजामती कर्मचारी संगठनका सदस्यहरुको आचार संहिता निर्माण गर्न आवश्यक रहेको छ ।उक्त आचारसंहिता निर्माण गर्न देहाय बमोजिमका पदाधिकारी, सदस्य रहेको आचारसहिता तयार गरी बैठकमा पेश गर्ने ।

**तपसिल**

१. वरिष्ठ उपाध्यक्ष प्रभास प्रसाद साह - संयोजक
२. उप महासचिव कमला दाहाल - सदस्य
३. सचिव तेज प्रकाश भण्डारी - सदस्य
४. सचिव ओम बहादुर कठायत - सदस्य
५. सह कोषाध्यक्ष दिपक शर्मा पौडेल - सदस्य

**निर्णय नम्वर ७**

नेपाल निजामती कर्मचारी संगठनको अभिभावकत्वमा सञ्चालित राष्ट्रसेवक सहकारी संस्था लि. ६९ जिल्लामा सञ्चालनमा रहेका सम्पूर्ण सहकारीहरुको नियमनको सम्वन्धमा नेपाल राष्ट्र बैकले निर्देशन जारी गरेको अवस्था छ ।उक्त निर्देशनले नेपाल निजामती कर्मचारी संगठनको अभिभावकत्वमा संचालित राष्ट्रसेवक सहकारी समेतलाई समेट्ने भएको हुँदा उक्त निर्देशनका सम्वन्धमा आवश्यक छलफल र समन्वय गर्न देहायका पदाधिकारी सदस्य रहेको समिति गठन गर्ने साथै उक्त काममा सहजिकरण गर्न राष्ट्रसेवक सहकारी संस्था सवलीकरण कार्यदलवाट समेत सहयोग लिने ।

१. वरिष्ठ उपाध्यक्ष रेवन्त गौतम - संयोजक
२. अनुशासन आयोग संयोजक अम्विका धमला - सदस्य
३. नीति, अनुसन्धान आयोग संयोजक कमल बहादुर खत्री - सदस्य
४. विज्ञान तथा प्रविधि आयोग संयोजक विष्णु कुमारी अधिकारी - सदस्य
५. लेखापरीक्षण आयोग संयोजक गोकर्ण कोईराला - सदस्य

**निर्णय नम्वर ८**

नेपाल निजामती कर्मचारी संगठनमा ब्यवस्थित सुविधासम्पन्न खालको सभाहल निर्माण गर्न आवश्यक रहेको र स्व.मुरारी भट्टराई स्मृति केन्द्र नेपालको नाममा वागमती प्रदेश सरकारवाट आ.व.२०८१/०८२ र चालु आ.व. मा चालीस लाख रकम विनियोजन भएको अवस्थामा उक्त हल निर्माणको लागि आवश्यक प्रक्रिया थालनी गर्न तपशिलका पदाधिकारी, सदस्य रहेको भवन समिति निर्माण गर्ने ।

१. उपाध्यक्ष विष्णु प्रसाद अर्याल - संयोजक
२. वागमती प्रदेश ईन्चार्ज पुरुषोत्तम रायमाझी - सदस्य
३. कार्यालय सचिव पदम बहादुर शाही - सदस्य
४. कोषाध्यक्ष याम कुमारी सापकोटा - सदस्य

५. सह-कोषाध्यक्ष दिपक शर्मा पौडेल - सदस्य

**निर्णय नम्वर ९**

नेपाल निजामती कर्मचारी संगठनको मुखपत्रको रुपमा रहेको नेगो बुलेटिन महाधिबेशन विशेषाँकको रुपमा प्रकाशन गर्ने र उक्त नेगो मासिक बुलेटिन, २०८२ सालको संगठन स्थापना दिवसको अवसरका विमोचन गर्न देहायका पदाधिकारी सदस्य रहेको बुलेटिन प्रकाशन समिति निर्माण गर्ने ।

१. उपाध्यक्ष कृष्ण बहादुर के. सी. - संयोजक
२. उप महासचिव सुर्य बहादुर कुवँर - सदस्य
३. कार्यालय सचिव पदम बहादुर शाही - सदस्य
४. सचिव तेज प्रकाश भण्डारी - सदस्य
५. कोषाध्यक्ष याम कुमारी सापकोटा - सदस्य

**निर्णय नम्वर १०**

नेपाल निजामती कर्मचारी संगठन, केन्द्रीय कार्यालयमा पुस्तकालय निर्माण गर्ने र उक्त पुस्तकालय संगठन स्थापना दिवसको अवसरमा २०८२ साल बैशाख ७ गतेदेखि संचालनमा ल्याउने निर्णय गरीयो ।उक्त पुस्तकालय ब्यबस्थापन गर्न तपशिलका पदाधिकारी, सदस्य रहेको समिति निर्माण गर्ने ।

१. उपाध्यक्ष युवाचन्द्र घिमिरे - संयोजक
२. उपत्यका ईञ्चार्ज गणेश प्रसाद आचार्य - सदस्य
३. कार्यालय सचिव पदम बहादुर शाही - सदस्य
४. सचिव ओम बहादुर कठायत - सदस्य
५. सचिव गोविन्द अधिकारी - सदस्य
६. सचिव देवी कुमारी पराजुली - सदस्य
७. कोषाध्यक्ष याम कुमारी सापकोटा - सदस्य

**निर्णय नम्वर ११**

नेपाल निजामती कर्मचारी संगठनका प्रदेश, जिल्ला /विभागीय कार्य समितिहरुलाई ब्यबस्थित रुपमा सञ्चालन गर्न सम्वन्धित प्रदेश राजधानी जिल्ला सदरमुकाम र विभागीय कार्य समितिको सम्वन्धित कार्यक्षेत्रभित्र कार्यालय संचालन गर्ने र सबै प्रदेश, जिल्ला/ विभागीय कार्यसमितिका कारोवार चेक मार्फत गर्ने ब्यबस्था मिलाउन पत्राचार गर्ने ।

**निर्णय नम्वर १२**

नेपाल निजामती कर्मचारी संगठनका सदस्यहरुको पहिचानको लागि संगठनको लोगो निर्माण गर्न आवश्यक रहेको छ ।उक्त लोगो निर्माण गर्न अध्यक्ष र महासचिवसँग समन्वय गरी कार्यालय सचिव र कोषाध्यक्षलाई लोगो निर्माणको काममा लाग्न जिम्मेवारी प्रदान गर्ने ।

**निर्णय नम्वर १३**

नेपाल निजामती कर्मचारी संगठनले संचालन गरेको कर्मचारी कल्याण कोष कार्यक्रमवाट वितरण हुने सेवा सुविधा सिफारिस गर्न देहाय बमोजिमका पदाधिकारी, सदस्य रहेको सिफारिस समिति गठन गर्ने ।

**तपशिल**

१. महासचिव रामचन्द्र अधिकारी - संयोजक

२. उप महासचिव वामदेव ओली - सदस्य

३. उप महासचिव सुर्य बहादुर कुँवर - सदस्य

४. उप महासचिव कमला दाहाल - सदस्य

५. कार्यालय सचिव पदम बहादुर शाही - सदस्य

६. कोषाध्यक्ष याम कुमारी सापकोटा - सदस्य

७. सह-कोषाध्यक्ष दिपक शर्मा पौडेल - सदस्य

**अध्यक्ष ज्यू,केन्द्रीय पदाधिकारी तथा सदस्य, सल्लाहकारज्यू,**

अव म, यस अवधिमा भएका सचिवालयको बैठकबाट भएका निर्णयहरु प्रस्तुत गर्ने अनुमती चाहान्छु ।

**प्रथम सचिवालयको बैठक**

नेपाल निजामती कर्मचारी संगठन, केन्द्रीय सचिवालयको पहिलो बैठक २०८२ बैशाख ३१ गते काठमाडौंमा सम्पन्न भएको थियो । उक्त बैठकमा भएका निर्णयहरुलाई देहाय वमोजिम प्रस्तुत गर्दछु ।

**निर्णय नम्वर १**

नेपाल निजामती कर्मचारी संगठन, केन्द्रीय कार्य समितिको दोस्रो बैठक तपशिलका प्रस्ताव सहित २०८२ जेष्ठ १६ र १७ गते र केन्द्रीय प्रशिक्षण कार्यक्रम जेष्ठ १८ गते काठमाडौंमा सम्पन्न गर्ने ।

**निर्णय नम्वर २**

बंगलादेश सरकारी कर्मचारी समन्वय परिषद्को सन २०२५ मे १० र ११ गते ढाकामा सम्पन्न भएको एघारौ कंग्रेसमा संगठनको तर्फवाट वरिष्ठ उपाध्यक्ष प्रभास प्रसाद साह र उप महासचिव कमला दाहालको सहभागिता रहेको थियो ।सो कार्यक्रममा सहभागिताको भ्रमण अनुमोदन गर्ने ।

**निर्णय नम्वर ३**

नेपाल निजामती कर्मचारी संगठनको विनियम २०८२ निर्माण गरी केन्द्रीय कार्य समितिमा पेश गर्नको लागि देहायका पदाधिकारी, सदस्य रहेको विनियम निर्माण समिति गठन गर्ने ।

**तपसिलः**

१. महासचिव रामचन्द्र अधिकारी - संयोजक

२. उप महासचिव बामदेव ओली - सदस्य

३. उप महासचिव सुर्य बहादुर कुवंर - सदस्य

४. उप महासचिव कमला दाहाल - सदस्य

५. सचिव ओम बहादुर कठायत - सदस्य

**निर्णय नम्वर ४**

नेपाल निजामती कर्मचारी संगठनको केन्द्रीय भवनको सभाहल निर्माण लगायतको कार्य हुँदै गरेको र विगतमा भवन निर्माणको लागि केन्द्रीय पदाधिकारी, सदस्यवाट एक महिना वरावरको तलव रकम उपलब्ध गराउने निर्णय समेत भएको थियो ।१२औं महाधिबेशनवाट निर्वाचित पदाधिकारी, सदस्यहरुले विगतमा भवन निर्माणमा सहयोग रकम उपलब्ध नगराएको भए हाललाई न्यूनतम रु. १० हजार रकम अनिवार्यरुपमा सबै पदाधिकारी तथा सदस्यले उपलब्ध गराउने ।

**निर्णय नम्वर ५**

नेपाल निजामती कर्मचारी संगठन, केन्द्रीय कार्य समितिकोतर्फवाट आगामी बजेटमा सरकारलाई उपलब्ध गराउने सुझावहरु संकलन गर्नको लागि आगामी बजेट र कर्मचारीका सवाल र घरजग्गा कर्जाविमा कार्यक्रम विषयमा २०८२ जेष्ठ २ गते संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको सभाहलमा कार्यपत्र प्रस्तुत गरी सुझाव संकलन गर्ने प्राप्त सुझावहरु सरकारलाई बुझाउने ।

**दोश्रो सचिवालयको बैठक(२०८२/२/१५)**

नेपाल निजामती कर्मचारी संगठन, केन्द्रीय सचिवालयको दोश्रो बैठक २०८२ जेष्ठ १५ गते काठमाडौंमा सम्पन्न भएको थियो । उक्त बैठकमा भएका निर्णयहरुलाई देहाय वमोजिम प्रस्तुत गर्दछु ।

**निर्णय नम्वर १**

साँगठनिक तथा आर्थिक प्रतिवेदनमा सचिवालयको वैठकबाट प्राप्त भएका महत्वपूर्ण सुझाव समावेश गरि केन्द्रीय कार्य समितिको दोश्रो बैठकमा प्रस्तुत गर्ने ।

**निर्णय नम्वर २**

नेपाल निजामती कर्मचारी संगठनको २०८२ जेष्ठ १६,१७ र १८ गते काठमाडौंमा सम्पन्न हुने दोश्रो बैठकमा तपसिल बमोजिमका प्रस्तावहरु पेश गर्ने ।

१. रिपोर्टिङ ।
२. सांगठनिक तथा आर्थिक प्रतिवेदन ।
३. सचिवालय तथा पदाधिकारी बैठकका निर्णय अनुमोदन ।
४. संगठनको विनियम,२०८२ ।
५. केन्द्रीय कार्य समितिमा मनोनयन तथा केन्द्रीय सचिवालय गठन ।
६. संघीय निजामती सेवा ऐन सम्वन्धमा ।
७. केन्द्रीय विभागहरुको गठन तथा केन्द्रीय पदाधिकारी, सदस्यहरुको कार्यविभाजन ।
८. उपहार कार्यक्रम २०८२ सम्वन्धमा ।
९. बक्यौता तथा वार्षिक ले.वी. ।
१० बार्षिक कार्ययोजना ।
११. विविध ।

**निर्णय नम्वर ३**

नेपाल निजामती कर्मचारी संगठन केन्द्रीय कार्य समितिमा रिक्त सदस्यहरु मनोनयनका सम्बन्धमा समावेशीता,

छुट भएका भूगोल र क्रियाशिलता लगायतलाई मध्यनजर गरी मापदण्ड निर्धारण गरी अध्यक्ष, वरिष्ठ उपाध्यक्षहरु र महासचिवबाट बैठकमा प्रस्ताव पेश गर्ने ।

**निर्णय नम्वर ४**

नेपाल निजामती कर्मचारी संगठन, केन्द्रीय विभागको जिम्मेवारी प्रदान गर्न वरिष्ठ उपाध्यक्षहरुले तयार गरी अध्यक्षलाई पेस गर्ने ।

**निर्णय नम्वर ५**

नेपाल निजामती कर्मचारी संगठनका सचिवालय सदस्यहरुलाई तथा केन्द्रीय सदस्यहरुलाई जिल्ला/ विभागीय कार्य समितिहरुको जिम्मेवारी प्रदान गर्न सम्बन्धित प्रदेशका इञ्चार्ज र सह-इञ्चार्जहरुसँग समन्वय र छलफल गरी वरिष्ठ उपाध्यक्षहरुले प्रस्ताव तयार गरी अध्यक्षलाई पेस गर्ने ।

**निर्णय नम्वर ६**

नेपाल निजामती कर्मचारी संगठन, केन्द्रीय सचिवालय सदस्य मनोनयन गर्दा मापदण्ड वनाई मात्र मनोनयन गर्ने।

**निर्णय नम्बर ७**

नेपाल निजामती कर्मचारी संगठन, केन्द्रीय कार्यसमितिको बैठकमा समसामयिक तथा विविध प्रस्तावहरु तयार गर्न देहायको पदाधिकारी सदस्यहरु रहेको विविध प्रस्ताव तयारी समिति गठन गर्ने ।

1. वरिष्ठ उपाध्यक्ष श्री प्रभाष प्रसाद साह
2. उपाध्यक्ष श्री कृष्ण वहादुर के.सी
3. उपमहासचिव श्री वामदेव वली
4. सचिव श्री तेजप्रकाश भण्डारी
5. सचिव श्री देवी कुमारी पराजुली

**अध्यक्षज्यू,केन्द्रीय पदाधिकारी तथा सदस्यहरु,**

अव म, बाह्रौ महाधिवेशन पश्चात भएका गतिविधिहरु संक्षिप्त रुपमा पेश गर्ने अनुमती चाहान्छु ।

- मिति २०फागुन ६ गते काठमाडौंमा महाधिवेशनले गरेका महत्वपूर्ण निर्णय सार्वजनिकीकरण ।
- मिति २०८१ फागुन ६ गते मिति २०८१ फागुन ६ गते संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रीसँग समसामयिक विषयमा भेटघाट कार्यक्रम ।
- मिति २०८१ फागुन ११ गते सम्माननीय सभामुखसँग संघीय निजामती सेवा विधेयकका वारेमा छलफल तथा भेटघाट कार्यक्रम ।
- २०८१ फागुन २० गते राज्य व्यवस्था तथा सुशासन समितिलाई संयुक्त ट्रेड युनियनको तर्फबाट संघीय निजामती सेवा ऐनका सम्बन्धमा सुझाव पेश गर्न कार्यदल गठन ।
- २०८१ फागुन २१ गते लेखा तथा प्रशासन समूह शाखा अधिकृत पदपूर्ति संम्बन्धमा छलफल भई ३७ सिट दरबन्दी थप्न सफल ।
- २०८१ फागुन २५ गते वाहौं महाधिवेशन सफल पार्न महत्वपूर्ण भूमिका निर्वाह गर्ने अध्यक्ष मण्डल, निर्वाचन मण्डल, पेसागत महासंघ नेपाल लगायत निवर्तमान केन्द्रीय कार्यसमिति लगायत सवैलाई धन्यवाद दिने कार्यक्रम सम्पन्न ।
- २०८१ फागुन २६ गते संघीय संसद सचिवालयको आधिकारिक ट्रेड युनियन निर्वाचनमा निर्वाचित पदाधिकारी तथा सदस्यहरुलाई वधाई तथा शुभकामना कार्यक्रम सम्पन्न ।
- २०८१ फागुन २८ गते अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस भव्यतापूर्वक सम्पन्न ।
- २०८१ चैत्र १२ गते संयुक्त ट्रेड युनियनको तर्फबाट सम्माननीय प्रधानमन्त्रीलाइ संघीय निजामती ऐनमा समावेश गर्ने महत्वपूर्ण विषयहरु वुझाइएको ।
- पेसागत महासंघ नेपालको २०८१ चैत्र २२ र २३ गते ललितपुरमा सम्पन्न तेश्रो राष्ट्रिय परिषद् मा १८ जना पदाधिकारी तथा सदस्यहरुको उपस्थिति ।

- २०८१ चैत्र ३१ गते संघीय निजामती सेवा ऐनका विषयमा संयुक्त पत्रकार भेटघाट कार्यक्रम ।
- २०८२ भित्तेपात्रो ३८ हजार प्रति छपाइ गरी वितरण भएको ।
- २०८२ बैशाख ४ गते अन्तरट्रेड युनियन सञ्जालको बैठक बसी संयुक्त प्रेस विज्ञप्ति जारी ।
- २०८२ बैशाख ७ गते संगठन स्थापना दिवसको अवसरमा शुभकामना आदानप्रदान , नेगो पुस्तकालय उदघाटन,नेगो मासिक समाचार विमोचन तथा सम्मान कार्यक्रम सम्पन्न ।
- संघीय निजामती सेवा विधेयकमा निजामती क्षेत्रमा क्रियाशिल राष्ट्रियस्तरका ट्रेड युनियन र राज्य व्यवस्था तथा सुशासन समितिका सदस्यहरुवीच संघीय निजामती सेवा विधेयकका सम्बन्धमा२०८२ बैशाख ९ गते छलफल कार्यक्रम सम्पन्न ।
- मिति २०८२ बैशाख ११ गते भृकुटीमण्डप काठमाडौंमा भएको युवा परिचालन कार्यक्रममा सहभागिता ।
- निजामती क्षेत्रमा क्रियाशिल ट्रेड युनियनकोतर्फवाट संघीय निजामती सेवा विधेयकमा समावेश गर्नु पर्ने मागहरु तयार भएका मागहरु २०८२ बैशाख १५ गते सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओलीलाई बुझाउने काम सम्पन्न भएको ।
- **"मर्यादित काम,श्रमिकको सम्मान,हाम्रो अभियान"** भन्ने नाराका साथ मिति २०८२ बैशाख १८ गते अन्तराष्ट्रिय श्रमिक दिवस मनाइयो ।
- मिति२०८२ बैशाख २६ गते बंगलादेश सरकारी कर्मचारी परिषद्को ११औ महाधिवेशनमा संगठनको तर्फबाट नेतृत्व गर्दै वरिष्ठ उपाध्यक्ष प्रभास प्रसाद साह र उपमहासचवि कमला दाहालको प्रतिनिधित्व ।
- आर्थिक वर्ष २०८२/ ०८३ मा नेपाल सरकारबाट प्रस्तुत हुने बजेटका सम्बन्धमा आगामी वजेट र कर्मचारीका अपेक्षा र घर,जग्गा तथा आवाश विमा कार्यक्रम विषयमा कार्यपत्र प्रस्तुत गरी मिति २०८२ जेठ २ गते सुझाव संकलन कार्यक्रम सम्पन्न ।
- बजेटका सम्बन्धमा सुझाव संकलनबाट प्राप्त सुझावहरुलाई एकिकृत गरी मिति २०८२ जेठ ५ गते माननीय उपप्रधान तथा अर्थमन्त्रीज्यूलाई सुझाव पेश गरियो ।

**अध्यक्षज्यु बैठकमा उपस्थित पदाधिकारी एवं सदस्य मित्रहरु,**

अव म, संगठनले कार्यभारको रुपमा उठान गरिएका विषयवस्तुहरुलाई देहाय बमोजिम प्रस्तुत गर्न चाहान्छु ।

**आगामी कार्यभारः**

1. कर्मचारी तथा ट्रेड युनियनमैत्री संघीय निजामती सेवा ऐन, प्रदेश निजामती सेवा ऐन र स्थानीय निजामती सेवा ऐन शीघ्र जारी गराउने ।
2. बारा ,पर्सा ,रौतहट ,सर्लाही ,महोत्तरी ,डोल्पा ,मुगु ,र पूर्वी रुकुम गरी ८ जिल्लाहरूमा राष्ट्रसेवक सहकारी संस्था स्थापना गर्ने ।
3. सघ ,प्रदेश र स्थानीय तहमा एकै प्रकृतिको पदसोपान हुने गरी तहगत प्रणाली लागू गराउने।
4. सदस्यता वितरण तथा नवीकरणसँग “ **कर्मचारी कल्याण कोष**”लाई अझ व्यवस्थित बनाई प्रभावकारी रुपमा सवै संगठन सदस्यहरूमा लागू गरीने ।
5. संगठकहरूमा संगठन कार्य संस्कृति, ट्रेड युनियनको मूल्य, मान्यता र प्रतिवद्धता स्थापित गराई लागू गर्ने र ट्रेड युनियनकर्मीहरूको आचारसंहिता वनाउन सरकारलाई सहयोग गरी लागू गर्नुपर्ने।
6. निजामती क्षेत्रमा आधिकारिक ट्रेड युनियनको निर्वाचन तत्काल गराउन पहल गर्ने ।

7. निजामती कर्मचारीहरूबाट प्रदान गरीने सेवालाई क्षतिपूर्ति सहितको नागरीक सेवा प्रदान गर्ने नीति अवलम्बन गर्ने ।
8. निजामती सेवामा नविन र उत्कृष्ट प्रतिभा आकर्षणको प्रस्ताव तयार गर्ने ।
9. संगठनमा आवद्ध आम कर्मचारीको विवरण अध्यावधिक गर्ने नेगो एप्स र नेगो क्लब मार्फत सूचना तथा अन्य कार्यको थालनी गर्र्ने ।
10. संगठकमा विज्ञ समूह निर्माण गरी संगठनले अवलम्बन गर्ने नीतिका वारेमा वहस संचालन गर्ने ।
11. नेपाल निजामती कर्मचारी संगठनको अभियान बृहत स्वास्थ्य शिविर ,रक्तदान ,वृद्धाश्रमहरूमा खाना तथा कपडा वितरण ,वृक्षारोपण ,जनताको लागि एम्बुलेन्स सेवा संचालन जस्ता कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याउने।
12. संगठनमा संगठकबीचको दोहोरो संवाद र सम्पर्क स्थापित गर्ने कार्ययोजना निर्माण गरी लागू गर्नु पर्ने।
13. संगठनले राजनीतिक अधिकार सहितको ट्रेड युनियन अधिकारको क्षेत्रमा स्थापित गर्ने अभिप्रेरणा , सहयोग र क्षमता विकासका लागि स्पष्ट नीति अगाडि सार्ने ।
14. लक्ष्य सहितको संगठन बिस्तार साथै नवप्रवेशीहरूलाई संगठनप्रति आकर्षित गराउने कार्ययोजना तयार गर्ने
15. ट्रेड युनियनप्रति लागेका आरोप र आग्रहहरूलाई न्यूनीकरण गर्दै प्रतिस्पर्धी ट्रेड युनियनहरूको सँग सहकार्य र भातृत्व विकास गर्ने ।
16. रचनात्मक, सिर्जनात्मक,प्रतिस्पर्धी ,क्षमता अभिवृद्धि जस्ता कार्यक्रमलाई अगाडि बढाउने।
17. कालिकोट जिल्लामा अवस्थित फुर्कोट राष्ट्रसेवक हाइड्रो निर्माण योजनालाई तत्काल अगाडि बढाउन नेपाल सरकार समक्ष दबाब सिर्जना गर्ने।
18. विदेश सम्वन्ध विस्तारका लागि **WFTU, NEHAWU, TUI-PIS, AISGEF** लगायत अन्तर्राष्ट्रिय संघ संगठनसँग सुमधुर सम्वन्ध कायम गर्ने ।
19. राष्ट्रसेवक सहकारी संस्था लि.को करिव तीन अरव पूँजी संरक्षण र परिचालनमा स्पष्ट नीति , नियमहरूको तर्जुमा गर्नुपर्ने।
20. नागरीक सेवालाई **×लाईनमा होईन अनलाईन सेवा"**को माध्यमबाट सेवा प्रवाहमा जोड गर्ने ।
21. ट्रेड युनियन सञ्जाललाई समयसापेक्ष क्रियाशील बनाउनु पर्ने ।
22. संगठनका आन्तरिक गतिविधिहरू कार्यालय समयलाई असर नपर्ने गरी सञ्चालन गर्ने नीति लिइने

**अध्यक्षज्यु बैठकमा उपस्थित पदाधिकारी एवं सदस्य मित्रहरु,**

अव म दोश्रो बैठकबाट निर्णय गरी अगाडि बढाउनु पर्ने मुख्य विषयहरु उल्लेख गर्न चाहान्छु ।

१. नेपाल निजामती कर्मचारी संगठनको विनियम २०८२ मा निम्नानुसारका विभागहर गठन गर्ने प्रस्ताव गरेको छु

 १. गुनासो व्यवस्थापन विभाग ।
 २. सहकारी विभाग ।
 ३. महिला विभाग ।
 ४. संगठन विभाग ।
 ५. प्रशिक्षण विभाग ।
 ६. अतिरिक्त क्रियाकलाप विभाग ।

७. विदेश विभाग ।

८. सेवा समन्वय विभाग ।

९. प्रदेश, स्थानीय तह तथा समावेशी समन्वय विभाग ।

१०. कानुन अनुसन्धान विभाग ।

११. प्रचार, प्रसार तथा प्रकाशन विभाग ।

१२. सूचना प्रविधि तथा नीति अनुसन्धान व्यवस्थापन विभाग ।

१३. विपद् व्यवस्थापन तथा स्वयमसेवक विभाग ।

१४. सामाजिक सेवा विभाग ।

१५. कार्यालय व्यवस्थापन तथा जनसम्पर्क विभाग ।

१६. आर्थिक प्रशासन व्यवस्थापन विभाग।

१७. पुस्तकालय तथा अभिलेख व्यवस्थापन विभाग ।

१८. युवा तथा खेलकुद विभाग।

२. केन्द्रीय पदाधिकारी तथा सदस्यहरुको कार्य विभाजन गरी जिम्मेवारी प्रदान गर्ने निर्णय ।

३. केन्द्रीय कार्य समितिमा सदस्य मनोनयन ।

४. जिल्ला/ विभागीय कार्य समितिहरुमा बक्यौता रकम रहेको कारण केन्द्रीय कार्य समितिले आफ्ना नियमित गतिविधिहरु सञ्चालन गर्न समेत कठिनाई भएको, हालसम्म केन्द्रमा बुझाउन बाँकी बक्यौता रकम पदाधिकारी तथा सदस्यहरुले यथाशिघ्र वुझाउन निर्देशन गर्ने ।

5. नेपाल निजामती कर्मचारी संगठनले दिएका सुझावहरुलाई समावेश गरी संघ, प्रदेश र स्थानीय तहलाई समेटने गरी राष्ट्रियस्तरका ट्रेड युनियनहरुसँग छलफल गरी अविलम्ब संघीय निजामती सेवा ऐन जारी गर्न सरकारलाई ध्यानाकर्षण गराउने ।

6. १२औं महाधिवेशनबाट पारित सांगठनिक, आर्थिक तथा विविध प्रस्तावहरु कार्ययोजना बनाई कार्यान्वयन गर्ने गराउने ।

7. संगठनको मुख्य आम्दानीको स्रोतको रुपमा रहेको उपहार रसिद २०० दरका ६० हजारप्रति छपाई गरी जिल्ला/विभागीय कार्य समितिमा पठाउने ।

८. केन्द्रीय कार्य समितिका पदाधिकारीहरुले २ प्याड, केन्द्रीय सदस्य र प्रदेश कार्यसमितिका पदाधिकारीहरुले १ प्याड उपहार रसिद अनिवार्य विक्रि वितरण गर्ने ।

९. संघ, प्रदेश र स्थानीय तहका कानुन निर्माण गर्दा वा परिमार्जन गर्दा ट्रेड युनियनसँग वार्ता र सम्वाद र छलफलको माध्यमबाट निर्माण गर्ने वातावरण सिर्जना गर्ने ।

**आदरणीय अध्यक्षज्यू, बैठकमा उपस्थित सम्पूर्ण पदाधिकारी, सदस्य मित्रहरु,**

अव म, संगठनका सम्पूर्ण सदस्यहरुले आफु कार्यरत रहेको निकायबाट प्रवाह गर्ने सेवा र संगठन निर्माणको सम्बन्धमा देहायको प्रतिवद्धताहरु पालना गर्न प्रतिवद्ध रहन समेत अनुरोध गर्दछु ।

## हाम्रो प्रतिवद्धता

- "**समृद्ध नेपाल, सुखी नेपाली**"को राष्ट्रिय आकांक्षा पूरा गर्न जनताको तीव्र चाहनाको सम्बोधन हुने गरी "**शीघ्र सेवा-तीव्र विकास**"को जनचाहना अनुसार सेवा प्रवाहमा जोड दिने ।
- राष्ट्रियस्तरका ट्रेड युनियनहरुले दिएका ११ बुँदे साझा सुझाव सहित स्वास्थ्य सेवा र संसद सेवालाई निजामती सेवामा समावेश गरी संघीय निजामती सेवा ऐन तत्काल जारी गराउने।

- ❖ सरकार परिवर्तनसँगै हुने सरुवा आतंक तत्काल रोक्न र सरुवालाई सजाय मान्ने सोंचलाई परिवर्तन गरी अवसरको रुपमा विकास गर्दै तीनै तहमा कार्यरत कर्मचारीहरुको सरुवालाई वैज्ञानिक, चक्रीय, पारदर्शी र पूर्वानुमानयोग्य हुने गरी व्यवस्थापन गर्ने ।
- ❖ "**नेगो एप्स**" मार्फत संगठनको सम्पूर्ण विवरण व्यवस्थित गर्दै एकीकृत सूचना प्रणालीको विकास गर्दै सूचनाको गोपनीयतालाई व्यवस्थित गर्ने ।
- ❖ संगठनको अभिभावकत्वमा संचालित राष्ट्रसेवक सहकारी संस्था लि.हरूलाई थप गतिशिल र प्रभावकारी बनाउने
- ❖ संगठनको विधान, विनियम, नियमावली, निर्देशिका र आचारसंहिता वमोजिम संगठन सञ्चालनमा जोड दिने ।
- ❖ **×शासन होइन सेवा, शासक होईन सेवक"** भन्ने मान्यता स्थापित गर्ने ।
- ❖ सेवा प्रवाहको क्रममा प्रक्रियामा भन्दा नतिजामा ध्यान दिने गरी आफ्ना गतिविधि संचालन गर्ने ।
- ❖ आगामी वर्ष २०८२ श्रावणदेखि असोजसम्म संघ, प्रदेश र स्थानीय तहमा **×संगठन सुदृढीकरण अभियान"** कार्यक्रम संचालन गर्ने ।
- ❖ समाज र नागरीकप्रति समर्पित भई नागरीक सेवा प्रवाहलाई सरल,सहज र पहुँचयोग्य वनाउदै क्षतिपूर्ति सहितको नागरीक सेवामा जोड दिने ।
- ❖ विचौलिया रहित सेवा प्रवाह(सेवा प्राप्तिका लागि किनेको वा चिनेको हुनुनपर्ने) को वातावरण तयार गर्ने ।
- ❖ सार्वजनिक निकायहरुमा सेवा लिन जाँदा समय कार्ड लागू गर्नमा प्रत्यनशिल हुने ।
- ❖ आफु कार्यरत निकायमा नविनतम कामको थालनी गर्न प्रयत्नशिल रहने ।

**आदरणीय अध्यक्षज्यू,**

**बैठकमा उपस्थित सम्पूर्ण पदाधिकारी, सदस्य मित्रहरु,**

संघीयता कार्यान्वयनमा आम राष्ट्रसेवकको भूमिका महत्वपूर्ण रहन्छ । तथापि हाल सम्म पनि संघीय निजामती सेवा ऐन बन्न नसकेका कारण यसलाई कर्मचारीमैत्री बनाउन विशेष ध्यान पु¥याउनु जरुरी छ ।उत्प्रेरित कर्मचारीबाट मात्र सार्वजनिक सेवा प्रवाहमा सकारात्मक टेवा पुग्न जाने विषय तर्फ सरकारले ध्यान पुर्याउनु आवश्यक छ । नेपाल निजामती कर्मचारी संगठनले संघीय निजामती सेवा ऐनमा उठाएका मुद्दा र सवालहरुलाई स्थापित गर्नको लागि परिस्थिति अनुकूल जस्तोसुकै निर्णय गर्न पनि पछि पर्नु हुँदैन ।

संगठनसँग विद्यमान समस्या, चुनौति र सम्भावनाहरु रहेका छन् ।संगठनमा आवद्ध करिव ४०,०००(चालिस हजार) सदस्यहरुको गुनासो सुनुवाई र जिम्मेवारी व्यवस्थापन गर्दा सदस्यहरुको भावना बमोजिम कार्य सम्पादन गर्नुपर्ने दायित्व संगठनको काँधमा आएको छ ।जीविकोपार्जनयोग्य तलबमान कायम गर्दै सामाजिक सुरक्षायुक्त निजामती प्रशासन, जनताको चाहाना अनुरुप पारदर्शी निर्णय पद्धति, क्षतिपूर्ति सहितको नागरीक सेवा प्रवाह, वार्ता, सम्वाद, छलफल र सौदावाजी गर्ने भरपर्दो आधिकारिक ट्रेड युनियनको निर्माण गर्दै संगठनको हस्तक्षेपकारी भूमिकालाई स्थापित गर्ने विषयमा संगठनको दूरदृष्टि रहेको छ ।

**अन्त्यमा,**

नेपाल निजामती कर्मचारी संगठनको बाहौं महाधिवेशनले मुलुकको राजनीतिक अवस्था, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिस्थितिको बस्तुपरक मूल्याङ्कन, सार्वजनिक प्रशासनको वर्तमान अवस्था, सांगठनिक

गतिविधि र कार्यभारहरुको समीक्षा तथा मूल्याङ्कन गर्दै आगामी कार्यभारहरुको तर्जुमा गर्ने कार्यमा एकजुट भएर अगाडी वढौ ।संगठनलाई अझै वढी क्रियाशील बनाउन सामूहिक नेतृत्व र व्यक्तिगत जिम्मेवारी समेतको संयोजन गरी अगाडि वढ्नु वर्तमानको आवश्यकता हो । हामी अझ बढी सिद्धान्तनिष्ठ, गतिशील, प्रतिस्पर्धी र एकतावद्ध भएर अगाडि वढ्ने प्रतिवद्धता र प्रण गर्दै यहाँहरुलाई अध्ययनका लागि पारित संगठनको विधान, २०६४, (बाहौ संशोधन २०८१) प्रस्तावित विनियम २०८२ लगायत संगठनवाट तयार भएका सामग्रीहरु यसै प्रतिवेदनका साथ उपलब्ध गराईएको छ ।केन्द्रीय कार्य समितिको दोस्रो बैठकमा यहाँहरुवाट प्राप्त हुने सल्लाह, सुझाव समावेश गरी प्रतिवेदनलाई समृद्ध बनाइने कुरा विश्वास दिलाउदै दोश्रो बैठक सम्पन्न गर्नका लागि सहयोग पुर्याउनु हुने केन्द्रीय पदाधिकारी,आयोगका संयोजक एवं सदस्यज्यूहरु,हल उपलब्ध गराई दिने भुमि व्यवस्था सहकारी तथा गरीवी निवारण मन्त्रालय र सहकारी प्रशिक्षण तथा अनुसन्धान केन्द्रलाई हार्दिक धन्यवाद दिदै प्रतिवेदन अन्त्य गर्ने अनुमति चाहन्छु साथै यसपछि प्रस्तुत हुने आर्थिक प्रतिवेदन यस प्रतिवेदनको अभिन्न अंगको रुपमा रहने छ ।

हार्दिक अभिवादन सहित धन्यवाद ।।

जय संगठन ।।।

रामचन्द्र अधिकारी
महासचिव

मितिः २०८२/२/१६ गते शुक्रवार,
सहकारी प्रशिक्षण तथा अनुसन्धान केन्द्र,
नयाँ वानेश्वर काठमाडौं ।

## नेपाल निजामती कर्मचारी संगठनकेन्द्रीय कार्य समितिको वार्षिक कार्ययोजना, २०८२/०८३

| सिं.नं | कार्यक्रम | श्रावण | भाद्र | आश्विन | कार्तिक | मंसिर | पौष | माघ | फाल्गुन | चैत्र | वैशाख | जेष्ठ | आषाढ | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | बैठक | | | | | | | | | | | | | |
| क) | केन्द्रीय कार्य समितिको बैठक | | | | | ✓ | | | | | | ✓ | | |
| २ | सदस्यता विस्तार/ रेकर्ड व्यवस्थापन | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | |
| क) | सदस्यता नविकरण/कर्मचारी कल्याण कोषमा आवद्धता | ✓ | ✓ | ✓ | | | | | | | | | | |
| ख) | नयाँ सदस्यता वितरण | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | |
| ग) | सदस्यहरुको संख्या विश्लेषण ( निजामती सेवा र संगठनमा तुलनात्मक अध्ययन) | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | |
| ३ | पेशागत संघ संस्थासँग सम्बन्ध विस्तार | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | |
| ४ | अर्न्तक्रिया/भेला/गुनासो सुनुवाई | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | |
| ५ | प्रशिक्षण (८ प्रदेश ७७ जिल्ला ३७ विभाग र कम्तीमा १०० पालिका) | | | | | | | | | | | | | |
| (क) | केन्द्रीय प्रशिक्षण | | | | | | | | | | | ✓ | | |
| (ख) | प्रदेश स्तरीय प्रशिक्षण | ✓ | ✓ | | | | | | | | | | | |
| (ग) | जिल्ला/विभागीय प्रशिक्षण | | ✓ | ✓ | ✓ | ✓ | | | | | | | | |
| ६ | प्रकाशन | | | | | | | | | | | | | |
| क) | भित्रेपात्रो (क्यालेण्डर) | | | | | | | | | ✓ | | | | |
| ख) | नेगो बुलेटीन | ✓ | | | | ✓ | | | | ✓ | | | | |
| ग) | राष्ट्रसेवक दर्पण | | ✓ | ✓ | | | | | | | | | | |
| घ) | संगठन सम्पर्क डायरी | ✓ | | | | | | | | | | | ✓ | |
| ङ) | अन्य प्रकाशन ( जिल्ला/विभागीय कार्य समिति) निरन्तर प्रोत्साहन गर्ने | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | |
| च | नेगो समचार प्रकाशन | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | |
| ७ | अतिरिक्त क्रियाकलाप | ✓ | | | | | | | | | | | | |
| क) | लोकसेवा तयारी कक्षा सञ्चालन | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | |
| ख) | उपहार कार्यक्रम सञ्चालन | ✓ | ✓ | ✓ | | | | | | | | ✓ | ✓ | |

| सिं.नं | कार्यक्रम | श्रावण | भाद्र | आश्विन | कार्तिक | मंसिर | पौष | माघ | फाल्गुन | चैत्र | वैशाख | जेष्ठ | आषाढ | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ग) | च्यारिटी सो कार्यक्रम उपयुक्त समयमा | | | | | ✓ | | | | | | | | |
| घ) | अन्तर ट्रेड युनियन खेलकुद प्रतियोगिता | ✓ | | | | | ✓ | | | | ✓ | | | |
| ङ) | हाजिरी जवाफ प्रतियोगिता केन्द्र | ✓ | | | | | | | | | | | | |
| च) | रक्तदान कार्यक्रम | ✓ | | | | | ✓ | | | | | | | |
| छ) | बनभोज कार्यक्रम(केन्द्र) | | | | | | | ✓ | ✓ | ✓ | | | | |
| ज) | Website Update/ Negeo Notice Board Service, Negeo app | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | |
| झ) | तीज कार्यक्रम | | ✓ | | | | | | | | | | | |
| ८ | सहकारी सम्बन्धी | | | | | | | | | | | | | |
| क) | सहकारी विस्तार (थप ८ जिल्ला) | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | |
| ख) | राष्ट्रसेवक सहकारीहरुको अवस्थाको अध्ययन | | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | | | | |
| ९ | दिवस/उत्सव/समारोह | | | | | | | | | | | | | |
| क) | संगठन स्थापना दिवस | | | | | | | | | | ✓ | | | |
| ख) | शहीद स्मृति दिवस | ✓ | | | | | | | | | | | | |
| ग) | ट्रेड यूनियन दर्ता दिवस | | | | | | ✓ | | | | | | | |
| घ) | निजामती सेवा दिवस | | ✓ | | | | | | | | | | | |
| ङ) | अर्न्तराष्ट्रिय महिला दिवस | | | | | | | | ✓ | | | | | |
| च) | मे दिवस | | | | | | | | | | ✓ | | | |
| छ) | पेशागत महासंघ दिवस | | | | | | | | | | | ✓ | | |
| १० | बिदेश सम्बन्ध | | | | | | | | | | | | | |
| क) | बैदेशिक सम्पर्क र सम्बन्ध विस्तार | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | |
| ख) | ट्रेड यूनियन सम्बन्धी अर्न्तराष्ट्रिय भेला | आवश्यकता अनुसार | | | | | | | | | | | | |
| ११ | अनुसन्धानात्मक कार्य | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | |
| १२ | भेला/गोष्ठि/अर्न्तक्रिया | ✓ | | ✓ | ✓ | ✓ | | | ✓ | | ✓ | ✓ | | |
| क) | नेगो भिजन तयारी | ✓ | ✓ | | | | | | | | | | | |

| सिं.नं | कार्यक्रम | श्रावण | भाद्र | आश्विन | कार्तिक | मंसिर | पौष | माघ | फाल्गुन | चैत्र | वैशाख | जेष्ठ | आषाढ | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ख) | निजामती सेवामा आकर्षणका कार्यक्रमहरु | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | |
| ग) | संगठन सुदृढीकरण,नागरिकसग संगठन । | ✓ | ✓ | ✓ | | | | | | | | | | |
| घ) | पेशागतमहासंघ अन्तरसम्बन्ध | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | |
| ङ) | नव प्रवेशीलाई आकर्षण | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | |
| १३. | आर्थिक कार्यक्रम | | | | | | | | | | | | | |
| क) | मासिक लेवी सहयोग शुल्क संकलन, कल्याण कोषमा आवद्धता | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | |
| ख) | बक्यौता असूली | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | |
| १४. | बैज्ञानिक र चक्रिय सरुवा सम्बन्धी अध्ययन कार्यदल गठन र सुझाव प्राप्ती | | ✓ | ✓ | ✓ | ✓ | | | | | | | | |
| १५. | राष्ट्रिय भेला | | | | | | | ✓ | | ✓ | | | | |